**Steve Kamper**
Minister for Small Business
Minister for Lands and Property
Minister for Multiculturalism
Minister for Sport

# मिडिया विज्ञप्ति
## बहुसांस्कृतिक आधारभूत स्तरको महोत्सव तथा कार्यक्रमहरूमा $ ६००,००० भन्दाबढी प्रदान गरिएको छ

**१८ जुलाई २०२३**

एनएसडब्लू सरकारले एनएसडब्लू भरिका बहुसांस्कृतिक एनएसडब्लू स्ट्रोण्गर् टुगेदर महोत्सव तथा कार्यक्रम अनुदान (Multicultural NSW Stronger Together Festival and Event Grant) कार्यक्रमका सहभागी सफल ८१ सामुदायिक संस्थाहरूको घोषणा गरेको छ।

यी सामुदायिक संस्थाहरूले आगामी आठ महिनामा आधारभूत स्तरको महोत्सवहरू तथा कार्यक्रमहरू आयोजना गर्न $६३०,००० भन्दा बढी बाँडफाँड गर्नेछन्।

यस महोत्सव तथा कार्यक्रम अनुदान कार्यक्रमले समुदायहरूमा लगानी गर्छ र विश्वको सबैभन्दा विविध राज्यहरू मध्येको एक एनएसडब्लू भरि हाम्रो पहिचान तथा जीवन शैलीको एक बहुमूल्य अंशको रूपमा सांस्कृतिक विविधता मनाउँछ।

कार्यक्रमको यो राउन्डमा डब्बोको ओआरआईएससिओएन (Dubbo's ORISCON), एल्बरी वोडोंगा जातीय समुदाय परिषद् (Albury Wodonga Ethnic Communities Council) र माउन्ट ड्रुइटको सेन्ट मेरी इथियोपियन महिला संघ (Mt Druitt's St Mary's Ethiopian Women's Association) जस्ता संगठनहरुले महोत्सवहरू तथा कार्यक्रमहरू मनाउनेछन् जसले समुदायहरूको बृहत दायरालाई जोड्नेछन्।

महोत्सव तथा कार्यक्रम अनुदानहरू $ ५,००० देखि $ १५,००० सम्म छन्।

थप जान्नको लागि, https://multicultural.nsw.gov.au/multicultural-nsw-grants/ जानुहोस्।

**एनएसडब्लूको बहुसांस्कृतिक मन्त्री स्टीभ क्याम्परले भननुभयो:**

"उत्तरमा ट्वीडदेखि, दक्षिणमा अल्बरी र पश्चिम डब्बो पारसम्म, हामी स्थानीयहरूलाई आफ्नो संस्कृति मनाउन र साझा गर्न मद्दत गर्न आधारभूत स्तरको महोत्सव तथा कार्यक्रमहरूमा लगानी गर्दैछौं।"

"तपाईं एनएसडब्लूमा कहाँ बस्नुहुन्छ वा भ्रमण गर्नुहुन्छ, यसले फरक पार्दैन, यो महान राज्य बनाउने विविध मानिसहरूका धेरै जीवन्त संस्कृतिहरूको आनन्द लिने एउटा अवसर हो।"

**मिडिया:** जोनाथन सिमंस् | **मन्त्री क्याम्पर** | ०४०७४८८१५८